# चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन, २०८१

## चन्द्रकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१

**प्रस्तावना:** चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन प्रस्ताव, २०८१ लाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चन्द्रकोट गाउँ सभाले यो आर्थिक ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहने छ।

(२) यो ऐन २०८१ साउन ०१ गते देखि लागु हुने छ।

२. **सम्पति कर:** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३'क') बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. **बहाल कर र ढुवानीकर:** गाँउपालिकाको क्षेत्रभित्र कुनै पनि ब्यक्ति वा संस्था गाडी, मेसिनरी, औजार, डोजर लगायतका निर्माणका साधन पुरै वा आंशिक तवरले बहालमा दिएमा अनुसुची (३'ख') बमोजिम बहाल कर लगाईने र असुल गरिनेछ।

६. **व्यवसाय कर:** गाउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

७. **जडिबुटी, कवाडी, र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची(५) मा उल्लेखित दररेट बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

८. **फोहोरमैला कर:** गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यवसाय तथा व्यापारजन्य कारोबार भएका संस्थाहरु, घर, नीजि तथा सार्वजनिक संस्थाहरुबाट उत्सर्जित फोहोर संकलन गरेबापत अनुसूची (६) बमोजिम फोहोरमैला कर लगाइने र असुल उपर गरिनेछ।

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

युवराज खत्री क्षत्री
अध्यक्ष

९. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची(७) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र विभिन्न संघसंस्था, समुह तथा व्यक्तिले मेला महोत्सव, मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गरेबापत अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालकाले निर्माण, संचालन बा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **दहत्तर बहत्तर बिक्री शुल्कः** गाउँपालिका भित्र रहेका नदीजन्य पदार्थहरु ढुङ्गाँ, गिट्टी, बालुवा अनुसुची (१०) मा उल्लेखित भएको व्यवस्था बमोजिम ठेक्का प्रकिया बाहेकको अवस्थामा तोकिएको व्यवस्था बमोजिम बिक्री गरी राजस्व संकलन गरिनेछ।

१३. **विज्ञापन करः** गाउँपालिका भित्र रहेका घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेण्ट, शोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पताल, मेला/महोत्सव, बैंक तथा वित्तीय संस्थाभित्र वा बाहिर राखिने विज्ञापनजन्य बोर्ड, पोस्टर, पम्पलेट, बन्टिङ्ग, झन्डा, सटर पेन्टङ्ग, भ्याकुम स्टिकरजस्ता सबै सामाग्रीहरुको कर संकलन गरिनेछ। कुनै फर्म तथा कम्पनीले आफ्नो व्यापार प्रवर्धनका लागि आफ्नो ब्राण्ड कलर तथा विज्ञापन सामाग्रीहरु गाउँक्षेत्रभित्रका व्यवसायिक स्थानहरुमा जहाँ राखेपनि त्यसको सम्पुर्णमा अनुसुची (११) देहाय अनुसार ठेक्का प्रकिया द्वारा विज्ञापन कर लाग्नेछ।

१४. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका सार्वजनिक, एलानी, पर्ति जग्गा, पोखरी वा भवन वा हाटबजार वा पसल, टहरा, घर, ग्यारेज, गोदाम, सेड (छप्पर) कारखाना, बाटोको छेउमा थाप्न दिइएका अस्थायी पसलहरुमा अनुसुची (१२) मा उल्लेख भए अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेअनुसार हुनेछ।

गाउँ कार्यपालिकाको कार्यालय

युवराज कामी

## अनुसूची - १

### सम्पत्ति कर(घर कर)

### ऐनको दफा २ सँग सम्बन्धित

| क.सं | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक(रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | पक्की घर | १ तलासम्मको प्रति बर्ष | २५० | |
| २. | पक्की घर | २ तलासम्मको प्रति बर्ष | ३०० | |
| ३. | पक्की घर | ३ तलासम्मको प्रति बर्ष | ४०० | |
| ४. | पक्की घर | ४ तलामाथिको प्रति बर्ष | ५०० | |
| ५. | कच्ची घर | छाप्रो, खरको छानो बजारबाहेकको | निःशुल्क | |
| ६. | कच्ची घर | छाप्रो, बजारक्षेत्रमा | १०० | |
| ७. | कच्ची घर | टिन, स्लेट, ढुङ्गा टायल छाना भएको घर गाउँ | ७५ | |
| ८. | कच्ची घर | टिन,स्लेट, ढुङ्गा टायल छाना भएको घर बजार | २०० | |
| एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने। | | | | |

## अनसूची - २

### भुमि कर (मालपोत)

### ऐनको दफा ३ सँग सम्बन्धित

| क.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | मालपोत कर | अब्बल(प्रतिरोपनी) | ३० | |
| | | दोयम (प्रतिरोपनी) | २५ | |
| | | सिम (प्रतिरोपनी) | १५ | |
| | | चाहार (प्रतिरोपनी) | १० | |
| यस पालिकामा भु-वर्गीकरण लागु भएमा देहाय बमोजिम हुने। | | | | |

देहायः

| | राजश्वका क्षेत्रहरु | | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|
| | विवरण | विस्तृत | विस्तृत विवरण | | |
| १ | मालमोत कर | अब्बल प्रतिरोपनी | कृषि क्षेत्र | | |
| | | | आवासीय क्षेत्र | | |
| | | दोयम प्रतिरोपनी | व्यापारिक क्षेत्र | | |
| | | | औधोगिक क्षेत्र | | |
| | | सिम प्रति रोपनी | खानी, खनिज क्षेत्र | | |
| | | चाहार प्रति रोपनी | बन, बुट्यान, खर्‍यान क्षेत्र | | |



युवराज खत्री क्षत्री
अध्यक्ष

नोट : एक वर्ष भित्र कर नबुझाउनेलाई जम्मा कर रकममा १०%,र सो भन्दा वढि समय कर नबुझाउनेलाई प्रत्येक थप वर्षको थप १०% का दरले जरिवाना लाग्ने छ। आ.ब. २०८०/८१ भन्दा अगाडिको मालपोत रकम र जरिवाना १० प्रतिशत प्रतिवर्षलाग्ने छ।

## अनुसूची – ३(क)

### घर/बहाल कर

### (ऐनको दफा ४ सँग सम्वन्धित)

यस गाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज लगायतभाडामा लगाएबापत भाडा रकमको १०% ले घर बहाल कर लाग्ने छ।

## अनुसूची – ३(ख)

### बहाल/ढुवानी कर

### (ऐनको दफा ५ सँग सम्वन्धित)

यस गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले गाड़ी, मेसिनरीऔजार, डोजर लगायत निर्माणका साधन र अन्य साधनहरु भाडामा लगाए वापत भाडा रकमको१०प्रतिशत बहाल कर लाग्ने छ तर ढुवानी प्रयोजनका लागि भने लगाइएको भाडामा २.५प्रतिशत बहाल कर लाग्ने छ

## अनुसूची – ४

### व्यवसाय कर

### (ऐनको दफा ६ सँग सम्वन्धित)

| क्र.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक(रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | गल्ला पसल | थोक/VAT मा दर्ता भएका | ३००० | |
| २ | किराना पसल | थोक/VAT मा दर्ता भएका | ३००० | |
| ३ | हार्डवेयर पसल | थोक/VAT मा दर्ता भएका | ३८०० | |
| ४ | फेन्सी पसल | VAT मा दर्ता भएका | ३००० | |
| ५ | होलसेल पसल | गल्ला पसल | २००० | |
| ६ | | किराना पसल | २००० | |
| ७ | | हार्डवेयर पसल | २००० | |
| ८ | खुद्रा पसल | गल्ला पसल | १५०० | |
| ९ | | किराना पसल | १५०० | |
| १० | | हार्डवेयर पसल | १५०० | |
| ११ | | PAN मा दर्ता/गाउँपालिकामा दर्ता भएका | १२०० | |
| १२ | | PAN मा दर्ता/पालिकामा दर्ता नभएकालाई जरिवाना | २२०० | |
| १३ | पार्लर | व्युटी पार्लर | १६५० | |

युवराज ... क्षत्री
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १४ | | हेयर कटिङ्ग | १५०० | |
| १५ | सवारी साधन खरिद बिक्री | २ पाङ्ग्रे (शोरुम) | ५५०० | |
| १६ | | ४ पाङ्ग्रे (शोरुम) | १५००० | |
| १७ | | २ र ४ पाङ्ग्रे दुवै (शोरुम) | २०००० | |
| १८ | कलर ल्याव | कलर ल्याव | १५०० | |
| १९ | केवल संचालन | टेलिभिजन केवल | ३००० | |
| २० | बैङ्क तथा वित्तिय संस्था | बैङ्क (सरकारी) | २८००० | |
| २१ | | बैङ्क (निजी 'क' बर्ग) | २८००० | |
| २२ | | बैङ्क (निजी 'ख' बर्ग) | २३००० | |
| २३ | | बैङ्क (निजी/लघुवित्त वित्तिय संस्था) | १०५०० | |
| २४ | | इन्भेस्टमेण्ट फर्म/कम्पनी | १०००० | |
| २५ | | सहकारी (१ करोड भन्दावढि कुल पुँजी भएको) | २००० | |
| २६ | | सहकारी (१ करोड सम्मकुल पुँजी भएको) | १५०० | |
| २७ | | मनि ट्रान्सफर | ५५०० | |
| २८ | निर्माण व्यवसायी | 'क' बर्ग | २८५०० | |
| २९ | | 'ख' बर्ग | २३००० | |
| ३० | | 'ग' बर्ग | १८५०० | |
| ३१ | | 'घ' बर्ग | १३५०० | |
| ३२ | पसल /व्यवसाय | औषधि पसल VAT मा दर्ता भएको | ५००० | |
| ३३ | | औषधि पसल PAN मा दर्ता भएको | २५०० | |
| ३४ | | पोलिक्लिनिक | १६००० | |
| ३५ | | नीजि अस्पताल/नर्सिङ होम | १६००० | |
| ३६ | | आयुर्वेदिक अस्पताल दर्ता | ८००० | |
| ३७ | | आयुर्वेदिक अस्पताल नवीकरण | ३००० | |
| ३८ | | आयुर्वेदिक औषधि पसलदर्ता | १३०० | |
| ३९ | | आयुर्वेदिक औषधि पसल नवीकरण | १००० | |
| ४० | पसल /व्यवसाय | माछा बिक्री पसल | २००० | |
| ४१ | | मासु बिक्री पसल | २००० | |
| ४२ | | दुध डेरी | १२५० | |
| ४३ | | फलफुल तथा तरकारी पसल | १००० | |
| ४४ | | सुर्तीजन्य पसल | २५०० | |
| | | मदिरा पसल | ५००० | |
| ४५ | | पलाष्टिस पसल | १००० | |
| ४६ | | घुम्ति व्यवसाय (डिलर प्रति ब्राण्ड) | ५००० | |
| ४७ | | घुम्ति व्यवसाय (डिलर/होलसेलछ महिनाको लागि) | ५००० | |
| ४८ | | घुम्ति व्यवसाय (कपालको बाल मेसिन औजारमा | १०० | |

युवराज खत्री क्षेत्री
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | सान लगाउने, माला, चुरा) पैदल एक दिनको लागि | | |
| ४९ | | घुम्ति व्यवसाय (कपालको बाल मेसिन औजारमा सान लगाउने, माला, चुरा) पैदल एक हप्ताको लागि | ५०० | |
| ५० | | घुम्ति व्यवसाय (कपालको बाल मेसिन औजारमा सान लगाउने, माला, चुरा) एक बर्षको पैदल लागि | १००० | |
| ५१ | | घुम्ति व्यवसाय (गलैचा तयारी कपडा) पैदल एक दिनको लागि | २०० | |
| ५२ | | घुम्ति व्यवसाय (गलैचा तयारी कपडा) पैदल एक हप्ताको लागि | ५०० | |
| ५३ | | घुम्ति व्यवसाय (गलैचा तयारी कपडा) पैदल एक बर्षको लागि | १५०० | |
| ५४ | | घुम्ति व्यवसाय (पलाष्टि जन्य सामान) पैदल एक दिनको लागि | २०० | |
| ५५ | | घुम्ति व्यवसाय (पलाष्टि जन्य सामान) पैदल एक हप्ताको लागि | ५०० | |
| ५६ | | घुम्ति व्यवसाय (पलाष्टि जन्य सामान) पैदल एक बर्षको लागि | १५०० | |
| ५७ | | घुम्ति व्यवसाय खाद्यय सामाग्री/फलफुल/तरकारी) गाडी प्रति ट्रिपको लागि | ५०० | |
| ५८ | | घुम्ति व्यवसाय खाद्यय सामाग्री/फलफुल/तरकारी) गाडी एक बर्षको लागि | ३००० | |
| ५९ | | घुम्ति व्यवसाय (लत्ताकपडा/कस्मेटिक)गाडी एक प्रर्ति ट्रिपको लागि | ७०० | |
| ६० | | घुम्ति व्यवसाय (मदिराजन्य/सुर्तिजन्य) गाडी प्रति ट्रिपको लागि | १००० | |
| ६१ | | घुम्ति व्यवसाय (मदिराजन्य/सुर्तिजन्य) गाडी एक हप्ताको लागि | ५००० | |
| ६२ | | घुम्ति व्यवसाय (लत्ताकपडा/कस्मेटिक) गाडी एक बर्षको लागि | ३५०० | |
| ६३ | | घुम्ति व्यवसाय एक बर्षको लागी(डिलर/होलसेल) | १०००० | |
| ६४ | | ईन्टरनेटसर्भिस सेवा प्रदायक | ३५०० | |
| ६५ | | टेलरिङ्ग (सादा) | १५०० | |
| ६६ | | टेलरिङ्ग (कपडा सहित) | २००० | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | | भिडियोग्राफी | २००० | |
| ६८ | | पेन्टिङ्ग/आर्ट | २००० | |
| ६९ | | टेण्ट/क्याटरिङ्ग | ३३०० | |
| ७० | | मिष्ठान्न भण्डार | १५०० | |
| ७० | | एग्रोभेटबिउ बिजन | १५०० | |
| ७१ | | फ्रिज/घडी/रेडियो/टिभि/कम्प्युटर/मोवाईल/ईलेक्ट्रिक/ईलेक्ट्रीकल/ईलेक्ट्रोनिक्स विक्री पसल | ३००० | |
| ७२ | | फ्रिज/घडी/रेडियो/टिभि/कम्प्युटर/मोवाईल/ईलेक्ट्रिक/ईलेक्ट्रीकल/ईलेक्ट्रोनिक्स मर्मत पसल | १५०० | |
| ७३ | | सवारी साधनपाटपुर्जा बिक्रि/मर्मत केन्द्र | ४००० | |
| ७४ | | सुन/चाँदी पसल | ४००० | |
| ७५ | पसल /व्यवसाय | मौरी पालन व्यवसाय | १००० | |
| ७६ | | कुखुराको चल्ला बिक्री पसल | १००० | |
| ७७ | | चस्मा पसल | १२०० | |
| ७८ | | जुत्ता चप्पल पसल | १५०० | |
| ७९ | | ग्यास विक्री पसल | १५०० | |
| ८० | | विद्युतीय सवारी साधन चार्जिव सेन्टर | १५०० | |
| ८१ | | पुजा सामाग्री पसल | १२०० | |
| ८२ | | मिनिमार्ट | ३००० | |
| ८३ | | स्नुकर, फुल तथा दाना पसल | २००० | |
| ८४ | | डेन्टल क्लिनिक | १०००० | |
| ८५ | | पुस्तक पसल तथा स्टेसनरी | १२०० | |
| ८६ | संचार क्षेत्र | टेलिभिजन च्यानल सञ्चालन | ५००० | |
| ८७ | | एफएम रेडियो | २००० | |
| ८८ | | पत्र पत्रिका छापाखाना | ३००० | |
| ८९ | | अनलाईन छापा | १२०० | |
| ९० | होटल/लज व्यवसाय | पर्यटक स्तरको | ५५०० | |
| ९१ | | पर्यटकीयस्तरको होटल वा लज तथा रिसोर्ट | ४५०० | |
| ९२ | | सुत्ने, खाने, चमेना/होटल समेत व्यवस्था भएको | ३५०० | |
| ९३ | | बार समेतको रेष्टुरेन्ट | ३५०० | |
| ९४ | | रोदी तथा दोहोरी घर | ३५०० | |
| ९५ | | पार्टि प्यालेस | ३५०० | |
| ९६ | | चिया पसल सामान्य रेष्टुरेन्ट | १००० | |
| ९७ | विमा कम्पनी | जीवन विमा | ३००० | |
| ९८ | | निर्जीवन विमा | २००० | |
| ९९ | ड्राईक्लिनर | ड्राईक्लिनर | १५०० | |
| १०० | होस्टेल | होस्टेल | ३००० | |

युवराज खत्री क्षेत्री
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १०१ | कुरीयर | कुरीयर सेवा संचालन | १००० | |
| १०२ | सोलार/सौर्य उर्जा | सोलार/सौर्य उर्जा | १५०० | |
| १०३ | चलचित्र हल | चलचित्र हल | ११००० | |
| १०४ | कन्सल्टेन्सी/परामर्श सेवा केन्द्र | कन्सल्टेन्सी/परामर्श सेवा केन्द्र | १०००० | |
| १०५ | उद्योग कलकारखाना शुल्क | छापाखाना (अफसेट प्रेस) | ४००० | |
| १०६ | | ईट्टा/टायल/सेनेटरी उद्योग | ६००० | |
| १०७ | | धान/तोरी कुटानी पिसानी मिल | १००० | |
| १०८ | | पालिकाको अनुदान बाट कुटानी पिसानी मिल/हाते ट्याक्टर (व्यवसायिक रुपमा सञ्चालन) | ५०० | |
| १०९ | | घरेलु जुत्ता उद्योग/पसल | १२०० | |
| ११० | | भाँडा/तामा-पित्तलका भाँडा तथा कलात्मक मूर्ती बनाउने/बेच्ने ठाउँ | १५०० | |
| १११ | | आलमुनियम, ग्रिल तथा स्टील | ५५०० | |
| ११२ | | फर्निचर/फर्निसिङ पसल | ३५०० | |
| ११३ | | फर्निचर तथा काष्ठ उद्योग | ५५०० | |
| ११४ | | पेट्रोल पम्प | १२००० | |
| ११५ | | क्रसर उद्योग(स्थायी) | २२००० | |
| ११६ | | क्रसर उद्योग(अस्थायी) | १७००० | |
| ११७ | | मिनि क्रसर उद्योग | १५००० | |
| ११८ | | मिनि क्रसर उद्योग(अस्थायी) | १२००० | |
| ११९ | | ईट्टा/ब्लक उद्योग | ६००० | |
| १२० | | ह्याचरी/सिरक डसना/आइसक्रिम उद्योग | ३००० | |
| १२१ | | पाउरोटी/चाउमिन | २२०० | |
| १२२ | | स्थानीय खाद्य उत्पादन तथा पेय प्रदाथको उद्योग | ५००० | |
| १२३ | जलविद्युततर्फ | १०० कि.वा. (बार्षिक) | १०००० | |
| १२४ | | ५०० कि.वा. (बार्षिक) | १५००० | |
| १२५ | | १ मे.वा (बार्षिक) | २०००० | |
| १२६ | | २.५ मे.वा (बार्षिक) | २५००० | |
| १२७ | | ५ मे.वा (बार्षिक) | ३५००० | |
| १२८ | | ५ मे.वा भन्दा माथि(बार्षिक) | ५५००० | |

युवराज खत्री क्षत्री
अध्यक्ष

## अनुसूची - ५

### जडिबुटी, कवाडी र जीवजन्तु कर

(ऐनको दफा ७ सँग सम्बन्धित)

| | | | | |
|---|---|---|---|---|
| १ | जडिबुटी/वन पैदावर सम्बन्धी | सिमल (प्रति क्युफिट) | ८ | |
| २ | | सल्लो (प्रति क्युफिट) | १० | |
| ३ | | खयर (प्रति क्युफिट) | २५ | |
| ४ | | चाप (प्रति क्युफिट) | २५ | |
| ५ | | उत्तिस (प्रति क्युफिट) | १० | |
| ६ | | मसुरी कटुस (प्रति बोट) | १२ | |
| ७ | | जडिवुटी दालचिनी तेजपात (प्रति केजी) | १ | |
| ८ | | काउलोको बोक्रा (प्रति केजी) | १ | |
| ९ | | चौतारीको बोक्रा (प्रति केजी) | १ | |
| १० | | टिमुर (प्रति केजी) | २० | |
| ११ | | सुगन्धवाला जटामसी (प्रति केजी) | ५ | |
| १२ | | पाखनवेद (प्रति केजी) | १० | |
| १३ | | झ्याउ (प्रति केजी) | ५ | |
| १४ | | टुनी (प्रति क्युफिट) | १० | |
| १५ | | सिसौ (प्रति क्युफिट ) | १५ | |
| १६ | | श्रीखण्डं (प्रति क्यू फिट) | ५०० | |
| १७ | | अन्य सुकाठ (प्रति बोट) | ३०० | |
| १८ | | अन्य कुकाठ (प्रति बोट) | १२० | |
| १९ | जीवजन्तु /चौपाय | प्रति रागाँ/भैसी निकासी | १००० | |
| २० | | प्रति बोका/बाख्रा निकासी | २०० | |

## अनुसूची - ६

### फोहर व्यवस्थापन कर

(ऐनको दफा ८ सँग सम्बन्धित)

| क्र. सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर मासिक(रु.मा) | राजश्व दर मासिक(रु.मा) |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | फोहरमैला उठ्ने क्षेत्रहरु | प्रति घर प्रति तला | १०० प्रति तला थप २० | घर र पसल एकै ठाउँमा भए रु.१५० |
| २ | | बहुउदेश्यीय सभाहल प्रयोग प्रति कार्यक्रम सरसफाई शुल्क | १५०० | |
| ३ | | क्लिनिक/ल्याव | २०० | |
| ४ | | रेष्टुरेन्ट | १०० | |
| ५ | | मासु पसल | २०० | |
| ६ | | फलफुल तथा तरकारी पसल | १५० | |

युवराज खत्री
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | | गेष्ट हाउस | २५० | |
| ८ | | विद्यालय(निजी) | १५० | |
| ९ | | अन्य | १०० | |

नोटः १. कवाडी समानको निकासी गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित बजार रेट समेतलाई मध्यनजर गरी आवश्यकताअनुसार खरिद विधेयक तथा नियमावलीको प्रक्रिया अपनाई गर्ने।

## अनुसूची – ७

### सवारी साधन कर

(ऐनको दफा ९ सँग सम्वन्धित)

| क.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | डोजर सुचिकृत दर्ता | व्याकहो लोडर लगायत टायरवाला | १४००० | |
| २ | | एक्साभेटर लगायत चेनवाला | २५००० | |
| ३ | डोजर नविकरण गर्दा | व्याकहो लोडर लगायत टायरवाला | ८५०० | |
| ४ | | एक्साभेटर लगायत चेनवाला | १४००० | |
| ५ | दर्ता | ई-रिक्सा,अटोरिक्सा | १००० | |
| ६ | नविकरण | ई-रिक्सा, अटोरिक्सा | ५०० | |
| ८ | सुचिकृत दर्ता | ट्रिपर | १००० | |
| ९ | | ट्रक | ५०० | |
| १० | | ट्याक्टर | ५०० | |
| ११ | | डबल/सिंगल क्याप | २०० | |

## अनुसूची – ८

### मनोरञ्जन कर

(ऐनको दफा १० सँग सम्बन्धित)

| क.स. | विस्तृत विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा प्रति टिकट मूल्यको | ५ प्रतिशत | लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |
| २ | क्यासिनो तथा मिनि क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रु. ३०० | |
| ३ | भिडियाघर, कन्सर्ट, दोहोरी साझ, डान्सवार वा नाइट क्लव प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यतक्ति | रु. २५ | |
| ४ | सांस्कृतिक प्रदर्शन हल थियटर/नाटक घर फनपार्क, वाटरगार्डेन, बाल उद्यान, फुटसल, मसाज, एवम् स्पा जीपलाईन, केवलकार, स्काइ, साइक्लिङ, बन्जिजम्प, स्वीमिङ्ग पुल पार्क प्रवेश गर्दा एकमुष्ठ प्रति टिकट/बिल मूल्यको | ५ प्रतिशत | |

५. सर्कस देल मेला जादु चटके वा विभिन्न प्रदर्शनीमा टिकट व्यवस्था भएकोमा टिकट मुल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा देहाय बमाजिमको दरमा मनोरञ्जन कर लाग्नेछः-



युवराज खत्री क्षेत्री
अध्यक्ष

| सि.न. | विस्तृत विवरण | कार्यक्रम | करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | सर्कस, खेल, मेला, जादु, चटके लागयत प्रदर्शनी | १ दिन सम्मको | ४००० | लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |
| | | ३ दिन सम्मको | १०००० | |
| | | ५ दिन सम्मको | १८००० | |
| | | ७ दिन सम्मको | २५००० | |
| | | ८ देखि १५ दिन सम्मको | ४०००० | |
| | | १६ देखि ३० दिन सम्मको | ६०००० | |

६. तीस दिन भन्दा माथिको सर्कस खेल मेला जादु चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

७. टि.भी. केवल नेटवर्कको हकमा शुल्कको एक प्रतिशत र डिश टि.भी. को हकमा रिचार्ज रकमको दुई प्रतिशतका दरले कर लाग्नेछ।

## अनुसूची – ९

### सेवा शुल्क दस्तुर

(ऐनको दफा ११ सँग सम्वन्धित)

| क्र.स | राजश्वका क्षेत्रहरु | | राजश्व दर (रु.मा)/पटक | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने (नेपालीमा) | २०० | |
| २ | | नाता प्रमाणित गर्ने (अंग्रेजीमा) | ५०० | |
| ३ | | जन्म मिति प्रमाणित (नेपाली) | २०० | |
| ४ | | जन्म मिति प्रमाणित (अंग्रेजी) | ५०० | |
| ५ | | विवाह प्रमाणित (नेपाली) | २०० | |
| ६ | | विवाह प्रमाणित (अंग्रेजी) | ५०० | |
| ७ | | विवाहित / अविवाहित प्रमाणित (नेपाली) | २०० | |
| ८ | | विवाहित / अविवाहित प्रमाणित (अंग्रेजी) | ५०० | |
| ९ | | घर/बाटो प्रमाणित गर्ने | ३०० | |
| १० | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० | |
| ११ | | नाता प्रमाणित गर्ने नेपाली | २०० | |
| १२ | | नाता प्रमाणित गर्ने अंग्रेजी | ५०० | |
| १३ | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० | |
| १४ | | कागज/मन्जुरीनामा प्रमाणित गर्ने | २०० | |
| १५ | | जग्गा/धितो मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने रु २०लाख सम्मको लागि | २००० | |
| १६ | | जग्गा/धितो मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने रु २०लाख भन्दा माथिको लागि | ०.१० प्रतिशत | |
| १७ | | आर्थिक अवस्था कमजोर/न्यून वा विपन्नता प्रमाणित | निःशुल्क | |
| १८ | | संरक्षक प्रमाणित गर्ने | २०० | |



युवराज खत्री क्षेत्री
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १९ | | २० लाख भन्दा माथी वडामा तमसुकमा साक्षी बसेको | २०० | |
| २० | | आर्थिक अवस्था बलियो वा सम्पन्नता/आम्दानी प्रमाणित रु १० लाख सम्मको लागि | ५०० | |
| २१ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता/आम्दानी प्रमाणित रु १० लाख भन्दा माथिको थप रकमका लागि | ०.१० प्रतिशत | |
| २२ | | कृषि आम्दानी प्रमाणित | १००० | |
| २३ | सिफारिस जन्य शुल्क | अंग्रेजी माध्यममा विविध प्रकारका सिफारिस तथा प्रमाणित गर्ने | ५०० | |
| २४ | | अपाङ्गता सिफारिस/जेष्ठ नागरिक सिफारिस | निःशुल्क | |
| २५ | | नावालक परिचयपत्र सिफारिस | २०० | |
| २६ | | व्यक्तिगत संरक्षक सिफारिस गर्ने | २०० | |
| २७ | | संस्थागत संरक्षक सिफारिस गर्ने | २०० | |
| २८ | | नागरिकता सिफारिस | २०० | |
| २९ | | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| | | अन्य सबै सिफारिस तथा प्रमाणित दस्तुर | २०० | |
| ३० | सिफारिस जन्य शुल्क | बैवाहिक/अंगीकृत नागरिकता सिफारिस | ५०० | |
| ३१ | | छात्रवृत्ति सिफारिस | ५०० | |
| ३२ | | बहाल करको लेखाजोखा सिफारिस | २०० | |
| ३३ | | मोही लगत कट्टाको सिफारिस | २०० | |
| ३४ | | घर जग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २०० | |
| ३५ | | व्यापार व्यावसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | २०० | |
| ३६ | | मिलापत्रको कागज गराउने निवेदन दर्ता/सिफारिस गर्ने | २०० | |
| ३७ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ३८ | | स-शुल्क स्वास्थ्य उपचार सिफारिस | २०० | |
| ३९ | | पुर्जामा पक्की घर कायम गर्न सिफारिस | २०० | |
| ४० | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिस | १०० | |
| ४१ | | चार किल्ला सिमाना कायम/प्रमाणित-कृषि प्रयोजन | २०० | |
| ४२ | | चार किल्ला सिमाना कायम/प्रमाणित अन्य प्रयोजन | ५०० | |
| ४३ | | नक्सा पास दस्तुर प्रति स्क्वायर फूट (पक्की घरको लागी) | ८ | |
| ४४ | | नक्सा पास दस्तुर प्रति स्क्वायर फूट (कच्ची घरको लागी | ४ | |
| ४५ | | फरक-फरक नाम थर जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | |
| ४६ | | नाम थर वा जन्ममिति संशोधनको सिफारिस | २०० | |
| ४७ | | अस्थायी/स्थायी बसोवास सिफारिस | २०० | |
| ४८ | | जग्गा दर्ता सिफारिस | २०० | |
| ४९ | | जग्गाधनी पुर्जा हराएको सिफारिस | २०० | |
| ५० | | कित्ताकाट गर्न सिफारिस | २०० | |



युवराज खत्री क्षेत्री
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५१ | | नामसारी गर्न सिफारिस | २०० | |
| ५२ | | जग्गाको हक सम्वन्धमा सिफारिस | २०० | |
| ५३ | | घर बाटो भएको सिफारिस | ५०० | |
| ५४ | | घर बाटो नभएको सिफारिस | २०० | |
| ५५ | | सर्जिमिन सिफारिस | ५०० | |
| ५६ | | दुर्घटना/विपद्/प्रकोप सर्जिमिन | निःशुल्क | |
| ५७ | | जीवित रहेको सिफारिस | २०० | |
| ५८ | | उद्योग ठाउँसारी गर्न सिफारिस | २०० | |
| ५९ | | आधारभूत विद्यालय दर्ता | २००० | |
| ६० | | माध्यमिक विद्यालय दर्ता | १०००० | |
| ६१ | | नीजि आधारभूत विद्यालय दर्ता | १०००० | |
| ६२ | | नीजि माध्यमिक विद्यालय दर्ता | २०००० | |
| ६३ | | नीजि आधारभूत विद्यालय नवीकरण | १००० | |
| ६४ | सिफारिस जन्य शुल्क | नीजि माध्यमिक विद्यालय नवीकरण | २००० | |
| ६५ | | ट्युसन (कोचिङ्ग) सेन्टर दर्ता | १००० | |
| ६६ | | कम्प्युटर इन्स्टिच्युट दर्ता | १०००० | |
| ६७ | | प्राविधिक शिक्षालय दर्ता | १५०० | |
| ६८ | | प्राविधिक शिक्षालय नवीकरण | ५०० | |
| ६९ | | विद्यालयको कक्षा थप्न सिफारिस(प्रति कक्षा) | ५०० | |
| ७० | | विद्यालयको ठाउँसारी गर्न सिफारिस | २०० | |
| ७१ | | पालन पोषणका लागि सिफारिस | २०० | |
| ७२ | | धारा जडानको लागि सिफारिस | २०० | |
| ७३ | | विद्युत जडानको सिफारिस | २०० | |
| ७४ | | संस्था दर्ता सिफारिस | २०० | |
| ७५ | शिक्षा सम्बन्धी | कक्षा ५ र ८ को ग्रेडसिट प्रतिलिपि | १०० | |
| ७६ | | कक्षा ५ र ८ को नतिजा पुनरावलोकन/प्रति विषय | ५० | |
| ७७ | | लेखा परिक्षणका लागि फर्म सुचिकृत | १५०० | |
| ७८ | | विषय विज्ञ प्रा.वि. | १००० | |
| ७९ | | विषय विज्ञ नि.मा.वि. | १५०० | |
| ८० | | विषय विज्ञ मा.वि. | २००० | |
| ८१ | | विषय विज्ञ उ.मा.वि. | २५०० | |
| ८२ | | कोठा खोल्ने कार्य रोहवरमा वस्ने | ५०० | |
| ८४ | | कक्षा थप सिफारिस/प्रति कक्षा | ५००० | |
| ८५ | अन्य विविध सिफारिस | योजना संझौता सिफारिस | २०० | |
| ८६ | | योजनाको भुक्तानी/फरफारक सिफारिस | २०० | |
| ८७ | | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निःशुल्क | |
| ८८ | | उद्योग दर्ता सिफारिस | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ८९ | | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | |
| ९० | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क | जन्म दर्ता | २०० | ३५ दिनभित्र निःशुल्क |
| ९१ | | विवाह दर्ता | २०० | |
| ९२ | | मृत्यु दर्ता | २०० | |
| ९३ | | वसाई सराई (आउने/जाने) | २०० | |
| ९४ | | सम्वन्ध विच्छेद | २०० | |
| ९५ | | जन्म, विवाह, मृत्यु, बसाई सराई र सम्बन्ध विच्छेदको प्रतिलिपि दस्तुर | ५०० | |
| ९६ | | पुरानो अभिलेख हेरेको | २०० | |
| ९७ | न्यायिक समितितर्फ | निवेदन पेश गर्दा | २०० | |
| ९८ | | प्रतिउत्तर पत्र पेश गर्दा | ५० | |
| ९९ | | मेलमिलाप दस्तुर | ५०० | |
| १०० | न्यायिक समितितर्फ | सक्कलको नक्कल उतार प्रति | २०० | |
| १०१ | | न्यायिक समितिको निर्णय (प्रति पृष्ठ) | ५० | |
| १०२ | | लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा (प्रति पानाको) | १० | |
| १२३ | समूह संस्था दर्ता/नविकरण | सेवामूलक दर्ता | ५०० | |
| १२४ | | सेवामूलक नवीकरण | २०० | |
| १२५ | | लघु उद्यम बाट सृजना भए संस्था/समुह दर्ता | ५०० | |
| १२६ | | लघु उद्यम बाट सृजना भए संस्था/समुह नविकरण | २५० | |
| १२७ | | पसल/व्यवसाय/होटल/ सबै प्रकारका पसल दर्ता (५ लाख सम्मको) | १००० | |
| १२८ | | पसल/व्यवसाय/होटल/ सबै प्रकारका पसल नविकरण (५ लाख सम्मको) | ५०० | |
| १२९ | | उपभोक्ता समिति/टोल विकास समिति दर्ता | ३०० | |
| १३० | | उपभोक्ता समिति/टोल विकास समिति नवीकरण | २०० | |
| १३१ | | फर्म/व्यवसाय नामसारी दस्तुर (गाँउपालिकामा दर्ता भएकोमा मात्र) | ५०० | |
| १३२ | | फर्म/पसल/व्यवसाय प्रतिलिपि दस्तुर (गाँउपालिकामा दर्ता भएकोमा मात्र) | २५० | |
| १३३ | | फर्म/पसल/व्यवसाय खारेजी दस्तुर (गाँउपालिकामा दर्ता भएकोमा मात्र) | ५०० | |
| १३४ | | फर्म/व्यवसाय सुचिकृत दर्ता | १००० | |
| १३५ | घरेलु कृषि उद्योग पशु, | (गाई/भैंसी कम्तिमा ५ वटा र माउ बाख्रा कम्तिमा १० वटा) सुरुमा दर्ता गर्दा | ५०० | |
| १३६ | | (गाई/भैंसी कम्तिमा ५ वटा र माउ बाख्रा कम्तिमा १० वटा) नवीकरण गर्दा | २०० | |
| १३७ | घरेलु, | पोल्ट्री फर्म दर्ता ५० देखी ५०० सम्म सानो | ५०० | |



युवराज खत्री कार्की
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १३८ | कुटीर, गाई/पोल्ट्री फार्म/कृषि समुह | पोल्ट्री फर्म नवीकरण ५० देखी ५०० सम्म सानो | २०० | |
| १३९ | | पोल्ट्री फर्म दर्ता ५०० भन्दा माथि | १००० | |
| १४० | | पोल्ट्री फर्म नवीकरण ५०० भन्दा माथि | २०० | |
| १४१ | | कृषि/पशु समुह दर्ता | ६०० | |
| १४२ | | कृषि/पशु समूह नवीकरण | २५० | |
| १४३ | | अन्य फर्म दर्ता दस्तुर | ६०० | |
| १४४ | | अन्य फर्म नवीकरण दस्तुर | २५० | |

## अनुसुची-९

### दहत्तर बहत्तर दस्तुर

**(ऐनको दफा १२ सँग सम्बन्धित)**

| क्र.स. | शिर्षक | दररेट राजश्व दर (रु.मा)/पटक | कैफियत |
|---|---|---|---|
| १ | प्रति ट्रिप (ढुङ्गा गिटी बालुवा पाँगो) ट्याक्टर | २०० | |
| २ | प्रति ट्रिप (ढुङ्गा गिटी बालुवा पाँगो) टिप्पर मिनि | ३०० | |
| ३ | प्रति ट्रिप (ढुङ्गा गिटी बालुवा पाँगो) टिप्पर ६ चक्के | ३५० | |
| ४ | प्रति ट्रिप (ढुङ्गा गिटी बालुवा पाँगो) टिप्पर १० चक्के | ४०० | |
| ५ | प्रति ट्रिप (सेलेट कच्चा ढुङ्गा) ट्याक्टर,टिप्पर | २०० | |
| ६ | प्रति ट्रिप (सेलेट तयारी ढुङ्गा) ट्याक्टर,टिप्पर | ३०० | |

## अनुसुची-१०

### विज्ञापन कर

**(ऐनको दफा १३ सँग सम्बन्धित)**

१ व्यवसायिक परिचयको लागि बडीमा २० वर्गफिट सम्मको बोर्ड मात्र राख्न पाईने छ। सो भन्दा ठुलो आकार प्रकारको बोर्ड राख्नु परेमा स्वीकृती लिई नियमानुसार तोकिएको कर लाग्नेछ।

२ विदेशी तथा मल्टिनेशनल कम्पनीहरुको विज्ञापन सामाग्रीहरमा करको दरको दोब्बर विज्ञापन कर असुल गरिनेछ।

३ विज्ञापन प्रयोजनले घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेण्ट, शोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पताल, मेला/महोत्सव, बैकं तथा वित्तीय संस्थाभित्र वा बाहिर राखिने विज्ञापनजन्य बोर्ड, पोस्टर, पम्पलेट, बन्टिङ्ग, झन्डा, सटर पेन्टङ्ग, भ्याकुम स्टिकरजस्ता सबै सामाग्रीहरुको कर संकलन गरिनेछ। कुनै फर्म तथा कम्पनीले आफ्नो व्यापार प्रवर्धनका लागि आफ्नो ब्राण्ड कलर



युवराज खत्री क्षेत्री
अध्यक्ष

तथा विज्ञापन सामाग्रीहरु गाउँक्षेत्रभित्रका व्यवसायिक स्थिनहरमा जहाँ राखेपनि त्यसको सम्पुर्णमा देहाय अनुसार कर लाग्नेछ।

| क्र.स. | शिर्षक | दररेट राजश्व दर | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरमा होर्डिङ्ग बोर्डहरमा प्रति वर्ग फिट वार्षिक | ५० | |
| २ | निजी स्थानका होर्डिङ्ग बोर्ड, फ्ल्क्स् बोर्डहरुमा प्रति फिट बार्षिक | १० | |
| ३ | व्यवसायिक भित्ते लेखनतथा सटर पेन्टिङ्ग प्रति वर्गफिट बार्षिक | १० | |
| ४ | पोल बोर्ड प्रति बोर्ड प्रति एक साइड | २५० | |
| ५ | मादक पदार्थका विज्ञापनमा प्रति स्वायर फिट थप | १०० | |
| ६ | भिज्वल बोर्ड डिजीटल डिस्प्ले बोर्ड, स्त्रिन बोर्ड, एलसिडि बोर्ड प्रति विज्ञापन प्रति स्क्वायर फिट | २५० | |
| ७ | टु-डि बोर्ड, थ्री-डि बोर्ड, ग्लो बोर्ड र अन्य यस्तै प्रकारका बोर्डहरु बार्षिक थप दस्तुर | २०० | |
| ८ | रोडक्रस व्यानर, ओभरहेड व्यानर, तुल व्यानर, पोल व्यानर, बन्टिङ्ग व्यानर, स्टिमर लागयतका प्रतिहसा प्रतिफुट | ५० | |

नोटः १. गाउँपालिका कार्यालयसँग अनुमति लिएर मात्र विज्ञापन सामाग्री टाँस गर्नुपर्नेछ ।

२. अनुपति नलिई राखिएका प्रचार सामाग्रीहरुमा दोव्वर दस्तुर लिई हटाइनेछ।

३. विज्ञापन करका अन्य दररेर निर्धारित गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित कानुन तथा नियमावलीको प्रक्रिया अपनाई गर्ने।

## अनुसुची-११

### बहाल विटौरी शुल्क

(ऐनको दफा १४ सँग सम्बन्धित)

| क्र.स. | शिर्षक | दररेट राजश्व दर (रु.मा)/पटक | दररेट राजश्व दर (रु.मा)/पटक |
|---|---|---|---|
| १ | हाट बजार कर | निःशुल्क | |
| २ | एलानी जग्गा बहाल कर | व्यवसायिक कर सरह | |
| ३ | जग्गा बहाल बिटौरी कर | व्यवसायिक कर सरह | |
| ४ | बहाल विटौरी कर | व्यवसायिक कर सरह | |
| ५ | अस्थायी पसल विटौरी कर | व्यवसायिक कर सरह | |
| ६ | घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) र कारखाना बहाल विटौरी कर | व्यवसायिक कर सरह | |



युवराज खत्री क्षत्री
अध्यक्ष

<u>नोटः-</u>

१. एउटै शीर्षक वा एउटै प्रकृतिका शीर्षकमा उल्लेखित दररेट फरक-फरक पाइएमा ठुलो रकमलाई मान्यता दिइने।

२. कुनै शीर्षकउल्लेख नभएको भए VAT/PAN मा उल्लेखित रकमलाई सोही शीर्षकको दररेट मानी राजस्व लिने।

३. आ.ब. २०८०/८१ वा सो भन्दा अगाडिको करलाई यस आर्थिक ऐन सरहको दररेट रकम मानी राजस्व लिने।

४. नवीकरण उल्लेख नगरेका विषयहरुमा सोही रकमलाई नै नवीकरणको दर मान्ने।

५. जुनसुकै प्रकारले सञ्चालित क्रसर उद्योगबाट शुल्क असुल गर्ने।

६. पान/भ्याट तथा पालिकामा दर्ता नभएको पसल/व्यवसायलाई दर्ता गर्ने प्रकियामा लैजानको लागि माथी तोकिए बमोजिमको जरिवाना बापतको रकम असुल गरिनेछ